apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: १४४ ● पृष्ठ: ४ ●२८ जेठ २०८३ विहीबार (11 June 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## न्यायिक समिति प्रभावकारी नबन्दा प्रहरी र अदालतमा भीड बढेको गुनासो



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २७ गते**

स्थानीय तहको न्यायिक समितिले प्रभावकारी र निष्पक्ष ढंगले काम गर्न नसक्दा सामान्य विषयमा पनि सर्वसाधारण प्रहरी र अदालतमा जाने प्रवृत्ति अन्त्य हुन नसकेको सरोकारवालाले बताएका छन् । मधेशी आयोगको आयोजनामा बुधबार सिरहा सदरमुकाममा आयोजित मधेशी समुदायको सशक्तीकरणसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा वक्ताहरूले यस्तो बताएका हुन् ।

न्यायिक समिति आफ्नै स्थानीय तहमा न्याय सम्पादन गर्ने उद्देश्यले गरिएको सुन्दर परिकल्पना भए पनि फैसला र आदेश गर्ने प्रक्रियामा विभेद देखिँदा नागरिक ढुक्क र आकर्षित हुन नसकेको आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले बताए । 'न्यायिक समिति सुन्दर परिकल्पना हो,' उनले भने, 'तर, त्यसभित्र आफ्नो र अर्को हेर्ने प्रवृत्ति झाँगिएको छ, जसले गर्दा नागरिक ढक्क हुने अवस्था सिर्जना हुन सकेन ।'

सिरहा जिल्ला अदालतका मुख्य न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले प्रहरी र अदालतसम्म अझै आउने अधिकांश विवाद न्यायिक समितिकै तहमा समाधान हुन सक्ने प्रकृतिका हुने गरेको अनुभव सुनाए । न्यायिक समितिले कानुनी मापदण्ड र व्यावसायिक दक्षताका साथ काम गर्न सके अदालत र प्रहरी दुवैमा पर्ने अनावश्यक चाप उल्लेखनीय रूपमा घट्न सक्ने उनको भनाइ थियो ।

सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले पनि स्थानीय तहको न्यायिक समितिमै समाधान हुने कुरामा प्रहरी नै अल्झिनुपरेको गुनासो गरे । यसका कारण प्रहरीले गर्नुपर्ने शान्ति सुरक्षा, अपराध अनुसन्धान, गस्ती निगरानीजस्ता मुख्य काम-कारबाही प्रभावित बन्ने गरेको उनको भनाइ छ ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले संविधानले स्थानीय तहलाई दिएको न्याय सम्पादनको अधिकारलाई व्यवहारमा प्रभावकारी बनाउन नसकिए राज्यको न्याय प्रणालीमाथिको चाप कम नहुने बताए । न्यायिक समितिले निष्पक्ष, कानुनी प्रक्रिया र विश्वासको वातावरण निर्माण गर्न सके प्रहरी र अदालतमा पुग्ने धेरै विवाद स्थानीयस्तरमै टुंगिने उनको भनाइ थियो ।

स्थानीय तहका प्रतिनिधिहरूले भने संविधानले स्थानीय सरकारलाई धेरै

बाँकी पृष्ठ ३ ▶▶

## सुखुवानन्कारकट्टीबाट ७७ किलो गाँजा बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २७ गते**

प्रहरीले सिरहाको सुखुवानन्कारकट्टी गाउँपालिका-५ इटहर्वाबाट ठुलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ ।

गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले स्थानीय आनन्दकुमार यादवको गोठघरमा खानतलासीका क्रममा भकारीभित्र ६ वटा झोलामा लुकाएर राखेको ७७ किलो गाँजा बरामद गरेको हो ।

घरधनी आनन्द घरमा नभेटेपछि स्थानीय व्यक्तिहरूको रोहवरमा ताल्चा खोलेर प्रहरीले खानतलासी गरेको थियो । बराबद गाँजा थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानमा राखिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डिएसपी रमेशबहादुर पालले जानकारी दिए ।

घटनासम्बन्धी थप अनुसन्धान भइरहेको र संलग्न व्यक्तिको खोजी कार्य जारी रहेको डिएसपी पालले बताए ।

## स्थानीय तहको बजेट निर्माणमा सहजीकरण गर्न मन्त्रालय सक्रिय, समिति गठन गर्दै फिल्डमा खटायो टोली

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ २७ गते**



भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहले कानुनले तोकेको समयभित्रै वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन सुनिश्चित गर्न स्थानीय तहमा विशेष सहजीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

मन्त्रालयले तयार गरेको अवधारणापत्र अनुसार गत आर्थिक वर्षमा १५९ वटा स्थानीय तहले तोकिएको समयमा बजेट तथा कार्यक्रमको विवरण अद्यावधिक नगरेका तथा १२ साउनसम्म पनि ४९ वटा स्थानीय तहले बजेट पारित नगरेको हुँदा यस्तो कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

उक्त कार्यक्रममार्फत स्थानीय तहमा तोकिएको समयमै बजेट पारित गराउने वातावरण निर्माण, वितरणमुखी र खुद्रे योजनाको प्रभाव न्यूनीकरण, वित्तीय सुशासन प्रवर्द्धन भई नतिजामुखी योजना तर्जुमामा सहयोग पुग्ने मन्त्रालयले जनाएको छ ।

यसका लागि मन्त्रालयका सहसचिवहरूको नेतृत्वमा तीन वटा स्थलगत सहजीकरण टोली गठन गरिएको छ । टोलीले स्थानीय तहमा पुगेर जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग छलफल, अन्तर्क्रिया र समन्वय बैठक सञ्चालन गर्नेछन् । स्थानीय तहमा बजेट तथा कार्यक्रम स्वीकृतिमा देखिएका समस्या पहिचान गरी समाधानका उपायसमेत सिफारिस गरिनेछ ।

बाँकी पृष्ठ ४ ▶▶

## रास्वपा अधिवेशनमा अनियमितताको आरोप, केन्द्रीय नेतृत्वसँग छानबिनको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २७ गते**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सिरहास्थित केही असन्तुष्ट नेता तथा कार्यकर्ताहरूले मधेश प्रदेश र सिरहामा सञ्चालन भइरहेका पार्टी अधिवेशनहरूमा अनियमितता भएको आरोप लगाउँदै केन्द्रीय नेतृत्वसँग निष्पक्ष छानबिनको माग गरेका छन् ।

सदरमुकाम सिरहास्थित रास्वपाको जिल्ला पार्टी कार्यालय अगाडि बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत असन्तुष्ट पक्षले अधिवेशन प्रक्रियामा नातावाद, शक्ति दुरुपयोग, अपारदर्शिता तथा विधानविपरीत गतिविधि भएको आरोप सार्वजनिक गरेको हो ।

पत्रकार सम्मेलनपछि जारी गरिएको विज्ञप्तिमा मधेश प्रदेश सभापति तपेश्वर यादव, निवर्तमान जिल्ला सभापति हरिप्रसाद मैनाली तथा निवर्तमान जिल्ला सचिव रमेश यादवको नेतृत्वमा सञ्चालन भएका केही पालिका तथा वडास्तरीय अधिवेशनहरूमा पार्टी विधान र लोकतान्त्रिक मूल्य-मान्यताविपरीत गतिविधि भएको दाबी गरिएको छ ।

विज्ञप्तिअनुसार नरहा गाउँपालिकामा नेतृत्व चयनका क्रममा नातावाद तथा कृपावाद भएको, मिर्चैया नगरपालिकामा निकटस्थ व्यक्तिहरूलाई प्राथमिकता दिइएको तथा विभिन्न पालिका र वडामा एकलौटी ढंगले समिति गठन गरिएको आरोप लगाइएको छ ।

त्यस्तै, विष्णुपुर गाउँपालिकासहित केही स्थानमा सम्बन्धित पक्षलाई जानकारी नै नदिई अधिवेशन सम्पन्न

बाँकी पृष्ठ ३ ▶▶

## धनुषामा घरेलु मदिरासहितको सामान फालेर मोटरसाइकल चालक फरार



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ २७ गते**

धनुषाको लक्ष्मिनिया गाउँपालिका-३ स्थित भित्री सडक खण्डबाट प्रहरीले ५० लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको छ ।

प्रहरीका अनुसार बुधबार साँझ करिब ५ बजे गजरियाबाट बनिनियातर्फ जाँदै गरेको नम्बर

बाँकी पृष्ठ ३ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

## सम्पादकीय...

### असारे विकास रोक्ने निर्णय देखावटी नहोस्

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको अन्त्यतिर लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको, सञ्चित कोषमा दबाब बढेको तथा वित्तीय सन्तुलन कायम राख्नुपर्ने आवश्यकता देखाउँदै बजेट खर्चमा कडाइ गर्ने निर्णय गरेको छ। विशेष गरी आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट खर्च गरेर विकास भएको देखाउने ...असारे विकास' प्रवृत्तिलाई रोक्न प्रदेश सरकारले विभिन्न मन्त्रालय, सचिवालय, प्रतिष्ठान तथा निकायलाई खर्च नियन्त्रणसम्बन्धी निर्देशन जारी गरेको छ। यो निर्णय केवल आर्थिक बाध्यताको परिणाम मात्र होइन, वित्तीय अनुशासन र सुशासनतर्फको सकारात्मक संकेत पनि हो। नेपालमा वर्षौंदेखि आर्थिक वर्षको अन्तिम महिनामा बजेट सक्नकै लागि हतारमा योजना सुरु गर्ने, गुणस्तरहीन निर्माण गर्ने र खर्चलाई नै उपलब्धिको मापन मान्ने प्रवृत्ति मौलाउँदै आएको छ। सडक कालोपत्रे गर्नेदेखि भवन निर्माणसम्मका अनेकौं योजना असार महिनाको वर्षातको बीचमा सम्पन्न गरिएका उदाहरण प्रशस्त छन्। यस्ता कामले न त दिगो विकास दिन्छन्, न त जनताले गुणस्तरीय सेवा प्राप्त गर्न सक्छन्। उल्टै सार्वजनिक स्रोतको दुरुपयोग, भ्रष्टाचारको जोखिम र कमजोर पूर्वाधारको समस्या बढाउँछन्।

मधेश प्रदेश सरकारले नयाँ कार्यक्रम तथा साना-साना योजनामा खर्च कटौती गर्ने र अन्तिम समयमा बजेट खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने निर्णय गर्नु स्वागतयोग्य छ। तर यो निर्णय केवल पत्राचार र घोषणामा सीमित भए यसको कुनै अर्थ रहने छैन्। विगतमा पनि विभिन्न तहका सरकारले वित्तीय अनुशासनका कुरा गरेका थिए, तर व्यवहारमा अन्तिम समयमा खर्च गर्ने प्रवृत्ति रोकिएको देखिएको छैन्। त्यसैले अहिलेको निर्णय कार्यान्वयनमा कति प्रभावकारी हुन्छ भन्ने नै सबैभन्दा महत्वपूर्ण प्रश्न हो। मधेश प्रदेशको विकासका चुनौतीहरू साना र छरिएका योजनाबाट समाधान हुने खालका छैनन्। प्रदेशलाई आधुनिक सडक सञ्जाल, प्रभावकारी सिंचाइ प्रणाली, कृषि आधुनिकीकरण, औद्योगिक पूर्वाधार, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा दीर्घकालीन लगानी आवश्यक छ। तर विगतमा बजेटको ठूलो हिस्सा साना, टुक्रे र राजनीतिक प्रभावका आधारमा छनोट गरिएका योजनामा खर्च हुने गरेको देखिन्छ। यसले न त आर्थिक रूपान्तरण सम्भव बनाउँछ, न त विकासको स्पष्ट परिणाम दिन्छ।

मधेश प्रदेश सरकार साँच्चिकै विकास र समृद्धिको लक्ष्यप्रति प्रतिबद्ध छ भने अबको प्राथमिकता गौरवका तथा रणनीतिक महत्वका आयोजनाहरू हुनुपर्छ। सीमित स्रोतलाई हजारौं साना योजनामा बाँड्ने होइन, प्रदेशको आर्थिक र सामाजिक रूपान्तरण गर्न सक्ने ठूला तथा प्रभावकारी परियोजनामा केन्द्रित गर्नुपर्छ। यस्ता आयोजनाले रोजगारी सिर्जना गर्न, उत्पादन वृद्धि गर्न, निजी लगानी आकर्षित गर्न र प्रदेशको समग्र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत पुऱ्याउँछन्। वित्तीय अनुशासनको अर्को महत्वपूर्ण पक्ष भनेको यथार्थपरक बजेट निर्माण हो। राजस्व संकलनको क्षमता भन्दा धेरै महत्वाकांक्षी बजेट बनाउने र पछि खर्च कटौती गर्नुपर्ने अवस्था दोहोरिनु राम्रो संकेत होइन। यसले योजना कार्यान्वयनमा अनिश्चितता ल्याउँछ र सरकारी विश्वसनीयतामाथि प्रश्न उठाउँछ। त्यसैले आगामी दिनमा राजस्वको वास्तविक अवस्था, खर्चको प्राथमिकता र विकासको दीर्घकालीन लक्ष्यलाई आधार बनाएर बजेट निर्माण गर्न आवश्यक छ। मधेश प्रदेश सरकारले असारे विकास रोक्न र बजेट खर्चमा नियन्त्रण गर्न थालेको कदम सकारात्मक भएपनि यसको सफलता खर्च कटौतीमा होइन, स्रोतको सही उपयोगमा मापन हुनेछ। यदि यो निर्णयले टुक्रे योजनाको अन्त्य गर्दै प्रदेशलाई दीर्घकालीन प्रभाव पार्ने पूर्वाधार तथा विकास परियोजनातर्फ डोऱ्याउँछ भने यसले मधेशको विकास यात्रामा नयाँ अध्याय सुरु गर्न सक्छ। अन्यथा यो पनि विगतका अनेक घोषणाजस्तै कागजमै सीमित हुने खतरा रहन्छ।

अपन दैनिक पत्रिका
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# सञ्जालका शूरवीर, संसद्का सन्न्यासी

✍ रञ्जित कर्ण





प्रधानमन्त्रीज्यू, लोकतान्त्रिक सञ्चालन र राज्यको नेतृत्व केवल सतही लोकप्रियता र सञ्जालका प्रतिक्रियाहरूको बलमा सम्भव हुँदैन। राज्य सञ्चालनका लागि संसद्प्रतिको पूर्ण उत्तरदायित्व, कूटनीतिक परिपक्वता र संवैधानिक संस्थाहरूको मर्यादाको सम्मान अनिवार्य सर्त हुन्।

नयाँ बानेश्वरको संरचनाबाट बाहिरिएर संघीय संसद् जब सिंहदरबारभित्र आफ्नै नयाँ भवनमा सऱ्यो, तब आम वृत्तमा एउटा आशा जागेको थियो- अब कार्यपालिका र व्यवस्थापिकाबिचको भौतिक दुरी मात्र मेटिने छैन, राज्य सञ्चालनको कूटनीतिक र राजनीतिक गतिमा पनि अभूतपूर्व सहजता आउनेछ। सिंहदरबारको केन्द्रीकृत प्रशासनिक केन्द्रभित्रै कार्यपालिका प्रमुखको कार्यालय छ र त्यसको केही मिटरकै दुरीमा मुलुकको सार्वभौम संसद्, अर्थात् प्रतिनिधिसभा छ। दुईवटा भवनबिचको यो दुरी पैदल नाप्ने हो भने बढीमा पाँच मिनेटको हो।

तर, आज यही पाँच मिनेटको बाटो देशकै सबैभन्दा दुर्गम, कठिन र रहस्यमयी यात्रा साबित भएको छ। परम्परागत राजनीतिको विकल्प र समकालीन पुस्ताको 'आस र भरोसाको प्रतीक' बनेर सिंहदरबार छिर्नुभएका प्रधानमन्त्री बालेन्द्र शाहको कार्यशैलीले यतिखेर संसद् भवनलाई एउटा अनौठो अन्योल र अनिर्णयको बन्दी बनाइदिएको छ। स्थानीय निकायमा रहँदा प्रयोगात्मक र आक्रामक निर्णयका लागि चिनिनुभएका प्रधानमन्त्री शाह राष्ट्रिय राजनीतिको सर्वोच्च कार्यकारी पदमा पुगेपछि भने संसद्का लागि 'दुर्लभ पात्र' बन्नुभएको छ।

यो व्यवस्थापकीय इतिहासकै एउटा गम्भीर विरोधाभास हो, जहाँ प्रधानमन्त्रीको भौतिक उपस्थिति नहुँदा सिंगो प्रतिनिधिसभा दिशाहीन जस्तो बन्न पुगेको छ।

अचेल प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ एउटै संवैधानिक प्रश्न प्रतिध्वनित हुन्छ, 'प्रधानमन्त्रीज्यू कहाँ हुनुहुन्छ ?' प्रतिपक्षी लहरबाट उठ्ने आक्रोशपूर्ण आवाज मात्र होइन, सत्तापक्षकै सांसदहरूका आन्तरिक संवादमा पनि कार्यपालिका प्रमुखको यो अनुपस्थितिप्रति गम्भीर चिन्ता र असन्तुष्टि देखिन थालेको छ। संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्छ। तर, प्रधानमन्त्रीको नियमित अनुपस्थितिकै कारण मुलुकका कैयौं सुस्ताएका विधेयकहरू, जनसरोकारका नीतिगत निर्णयहरू र दीर्घकालीन विकासका योजनाहरू संसदीय समितिका दराजहरूमा थुनिएका छन्।

संसद् कतिसम्म अल्मलियो भने, कार्यकारी प्रमुखबाट उचित विधेयक र कार्यसूची नपाएपछि उत्पन्न गतिरोधका कारण हिजोआज प्रतिनिधिसभाको बैठक कार्यसूचीमै प्रवेश नगरी लगातार स्थगित भइरहेको छ। संसद्को बैठक नियमित नहुनु वा बैठक बस्दै नबसी स्थगित हुनु केवल एउटा राजनीतिक गतिरोध मात्र होइन, यो आर्थिक रूपमा टाट पल्टिँदै गरेको राज्यढुकुटीमाथिको ठूलो भार पनि हो। संघीय संसद् सचिवालयको आन्तरिक आर्थिक विवरण र प्रशासनिक तथ्यांकलाई केलाउने हो भने प्रतिनिधिसभाको कार्यसञ्चालन खर्च निकै बढी देखिन्छ।

सचिवालयको दैनिक लागत अनुमानअनुसार, नयाँ संसद् भवनको भौतिक व्यवस्थापन, प्रणाली सञ्चालन तथा मर्मतसम्भारका लागि मात्रै दैनिक चार लाख रुपैयाँ खर्च हुने गर्छ। त्यसैगरी, माननीय सांसदहरूको बैठक भत्ता, यातायात तथा विशेष सुविधाका शीर्षकमा दैनिक पाँच लाख ५० हजार रुपैयाँ र सचिवालयका कर्मचारी खटानी, बिजुली, खानेपानी एवं विविध प्रशासनिक कार्यका लागि दैनिक एक लाख ५० हजार रुपैयाँ खर्च हुने गरेको छ। यसरी सबै शीर्षकहरूलाई जोड्दा संसद् सञ्चालनको कुल दैनिक खर्च मात्रै करिब ११ लाख रुपैयाँ हुन आउँछ।

यसको अर्थ, प्रतिनिधिसभाको बैठक कुनै ठोस विमर्श नै नगरी वा कार्यसूचीमा प्रवेश नै नगरी एक दिन मात्र स्थगित हुँदा पनि राज्यको झन्डै एघार लाख रुपैयाँ प्रत्यक्ष रूपमा अनुत्पादक खर्च बन्न पुग्छ, जुन महिनाको हिसाब गर्दा करोडौंको नोक्सानी हुन आउँछ र यो अन्ततः आम करदाताको पसिनाबाट संकलन गरिएको बहुमूल्य राजस्वको अपव्यय मात्र हो। तर, यो आर्थिक नोक्सानीभन्दा कैयौं गुणा बढी क्षति मुलुकले नीतिगत तहमा व्यहोर्नु परेको छ।

संसद् संकुचित हुँदा जनताका दैनिक जीविकाका सवाल, महँगी, बेरोजगारी र राष्ट्रिय सुरक्षा जस्ता विषय ओझेलमा पर्छन्। कानुन निर्माणको प्रक्रिया महिनौं धकेलिँदा राज्यका कतिपय निकायहरू कानुनी रिक्तताको अवस्थामा पुग्छन्। एउटा लोकतान्त्रिक मुलुकका लागि संसद्को यो शून्यता संवेदनहीनताको पराकाष्ठा हो।

संसदीय लोकतन्त्रमा राज्य सञ्चालन गर्नु भनेको सामाजिक सञ्जालमा संक्षिप्त र आक्रामक टिप्पणी लेखेर जनउत्तेजना फैलाउनु जस्तो हलुका विषय होइन। यहाँ संस्थागत परिपक्वता, संवैधानिक मर्यादा र प्रत्येक प्रश्नको उत्तर दिने धैर्यता आवश्यक पर्छ।

**मन्त्रालयहरूको केन्द्रीकरण र संस्थागत मौनता**

प्रधानमन्त्री शाहको एउटा स्थापित कार्यशैली छ, उहाँ औपचारिक मञ्च वा संसद्को रोस्टममा भन्दा इन्टरनेटका भित्ताहरूमा आफ्ना विचारहरू सार्वजनिक गर्न बढी रुचाउनु हुन्छ। तर जब संसद्को बजेट अधिवेशन प्रारम्भ भयो, तब देशको आर्थिक मार्गचित्र र आगामी कार्यदिशाका बारेमा जुन स्तरको सघन बहस हुनुपर्ने थियो, त्यहाँ कार्यपालिका प्रमुखको तर्फबाट केवल एक किसिमको मौनता मात्र देखियो। बजेट वक्तव्य आउनुअघि सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका गम्भीर प्रश्नहरूको सामना गर्न प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने संसदीय मर्यादा हो।

तर, त्यहाँ केवल राजनीतिक दलहरूबिचको तँछाडमछाड र आरोप-प्रत्यारोप मात्र दृश्यमा आयो। बजेट वक्तव्य आइसकेपछि पनि देशको आर्थिक संकट निवारणका उपायबारे प्रतिनिधिसभामा जुन गम्भीर विमर्श हुनुपर्ने थियो, प्रधानमन्त्रीको अस्पष्ट कार्यदिशाका कारण संसद्ले ठोस कार्यसूची नै पाउन सकेन। यदि प्रधानमन्त्री साँच्चै नै देश विकास र प्रशासनिक सुधारका कार्यमा अहोरात्र व्यस्त हुनुभएको कारणले संसद् आउन नसक्नुभएको हो भने, अर्को गम्भीर प्रशासनिक प्रश्न खडा हुन्छ, उहाँले किन मुलुकका झन्डै आधा दर्जन महत्त्वपूर्ण मन्त्रालयहरू आफैँसँग थुपारेर राख्नुभएको छ ?

राज्यका मेरुदण्ड मानिएका मन्त्रालयहरू लामो समयसम्म आफैँसँग राख्दा प्रशासनिक काममा चरम सुस्ती आएको छ। अधिकारको विकेन्द्रीकरण गर्नुको साटो राज्यका शक्तिहरूलाई एकै ठाउँमा केन्द्रीकृत गर्ने र जबाफदेहिताबाट पन्छिने यो प्रवृत्ति कुनै पनि अर्थमा लोकतान्त्रिक हुन सक्दैन। नेपाली जनताले पुराना राजनीतिक दलहरूको अकर्मण्यता र संस्थागत भ्रष्टाचारबाट आजित भएर नै बालेन्द्र शाहमा एउटा वैकल्पिक नेतृत्व र भरोसाको जग देखेका थिए।

उहाँको काँधमा आम युवा र परिवर्तनका पक्षधर नागरिकहरूको ठूलो अपेक्षा छ। तर, प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि राज्यकै सर्वोच्च विधायिका अर्थात् प्रतिनिधिसभालाई नै उपेक्षा गर्ने उहाँको यो शैलीले जनताको त्यो पवित्र विश्वासलाई बिस्तारै निराशामा परिणत गर्दै लगेको छ। जनताको यो भरोसालाई यसरी दलीय दाउपेच र प्रचारबाजीको ओत लागेर खेर जान दिनु मुलुकका लागि घातक हुनेछ।

**जमिनको स्वामित्व र कूटनीतिक अपरिपक्वता**

प्रतिनिधिसभा नीतिगत अन्योल र आन्तरिक विवादको भुमरीमा फसिरहेकै बेला, केही दिनअघि (मे ३१) अचानक प्रधानमन्त्री शाह संसद्को रोस्टममा उभिनुभयो। संसद् र आम नागरिकले अपेक्षा गरेका थिए कि उहाँले मुलुकको सुस्त आर्थिक अवस्था, बेरोजगारी र राष्ट्रिय गौरवका आयोजनाहरूको गतिबारे संसद्लाई आश्वस्त पार्नु हुनेछ। तर, उहाँको सम्बोधन अप्रत्याशित र कूटनीतिक रूपमा अत्यन्तै संवेदनशील दिशातिर मोडियो।

उहाँले प्रतिनिधिसभाको रोस्टमबाट कुनै प्राविधिक पुष्टिबिना नै दाबी गरिदिनुभयो, 'हामी सधैँ अरूले हाम्रो भूमि मिच्यो भन्छौँ, तर ऐतिहासिक तथ्य हेर्ने हो भने नेपालले पनि छिमेकी भारतको भूमि मिचेको छ।'

प्रधानमन्त्रीले वर्षायाममा नदीले धार परिवर्तन गर्दा सीमा क्षेत्रका स्थानीय बासिन्दाले भोगचलन गरेको जमिन र कतिपय सीमा स्तम्भहरू स्थानान्तरण भएको सतही आधारलाई प्रमाण बनाउँदै सिंगो संसद् र अन्तर्राष्ट्रिय समुदायका सामु नेपाललाई 'अतिक्रमणकारी' को रूपमा चित्रण गर्ने प्रयास गर्नुभयो। एउटा सार्वभौम मुलुकको प्रधानमन्त्रीले बिनाकुनै आधिकारिक नापी नक्सा, ऐतिहासिक दस्तावेज वा कूटनीतिक आयोगको प्रतिवेदन संसद्को अभिलेख रहने गरी यस्तो गम्भीर वक्तव्य दिनु राष्ट्रिय हित प्रतिकूल र निन्दनीय कार्य हो। वास्तविकता र सीमासम्बन्धी प्राविधिक तथ्यहरूले यस दाबीलाई पूर्ण रूपमा खारेज गर्छन्।

नेपाल-भारत सीमा मामिलाका

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**बृष** : आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन** : नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कर्कट** : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ।

**सिंह** : रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ।

**कन्या** : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ।

**तुला** : प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।


**वृश्चिक** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ।

**धनु** : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**मकर** : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।

**कुम्भ** : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ।

**मीन** : अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# टिकटक स्टार बनाइदिने भन्दै भारतीय अर्केस्ट्रा पुऱ्याइएकी १३ वर्षीया किशोरीको उद्धार

अपन दैनिक संवाददाता
पर्सा, जेठ २७ गते



टिकटक स्टार बनाइदिने भन्दै भारत लगेर जबर्जस्ती अर्केस्ट्रामा पुऱ्याएकी एक नेपाली किशोरीलाई उद्धारपछि स्वदेश फिर्ता ल्याइएको छ।

मधेश प्रदेशकी ती १३ वर्षीया किशोरीलाई सामाजिक सञ्जाल फेसबुकमार्फत चिनजान भएकी धनुषाकी एक युवतीले 'टिकटक स्टार बनाउने' र 'राम्रो तलबको काम दिलाइदिने' प्रलोभन देखाएर चार महिनाअघि बिहारको मोतिहारी पुऱ्याएकी थिइन्। त्यहाँ पुगेपछि उनलाई जबर्जस्ती अर्केस्ट्रामा काम गर्न बाध्य बनाइएको थियो।

परिवारले मानव बेचबिखनविरुद्ध कार्यरत संस्था किन नेपाललाई जानकारी गराएपछि भारतीय प्रहरीको सहयोगमा ती बालिकाको उद्धार गरिएको थियो। उद्धारपछि उनलाई भारतको बेतियास्थित बृहत् बालिका गृहमा राखिएको थियो।

किन इन्डिया फाउन्डेसन र बाल कल्याण समिति मोतिहारीको समन्वयमा मंगलबार उनलाई वीरगन्ज फर्काइएको किन नेपाल वीरगन्ज शाखा प्रमुख मनु रानाले जानकारी दिइन्। साताअघि पनि मानव बेचबिखन तथा विभिन्न प्रकारका शोषणमा परेका ६ जना नेपाली चेलीलाई सोही संस्थाले भारतका विभिन्न स्थानबाट उद्धार गरी नेपाल ल्याइएको थियो। उद्धार गरिएकामध्ये पाँच जनालाई परिवारको जिम्मा लगाइएको छ भने एक जनालाई थप संरक्षण तथा पुनःस्थापनाका लागि सुरक्षित आवासमा राखिएको छ।

किन नेपाल वीरगन्ज शाखाले आफन्त इन्डिया फाउन्डेसन, नयाँ दिल्लीस्थित नेपाली दूतावास तथा भारतका विभिन्न बाल संरक्षण निकायसँगको समन्वयमा उनीहरूको उद्धार गरेको थियो। उद्धार गरिएकामध्ये सुनसरीको रामधुनी नगरपालिका-१ का तीन जना, कपिलवस्तुको शिवराज नगरपालिकाकी एक, मकवानपुरको मनहरी गाउँपालिकाकी एक तथा सिरहाको सखुवानान्कारकट्टी

बाँकी पृष्ठ ४ ▶▶

# आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा सिँचाइको बजेट खर्च शून्य

**प्रमुख नहुँदा आठ करोड बजेट फ्रिज हुने जोखिम**

अपन दैनिक संवाददाता
सिरहा, जेठ २७ गते




कार्यालय प्रमुख नहुँदा मधेश प्रदेश सरकारअन्तर्गत ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमातहत रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिरहाले आर्थिक वर्ष सकिनै लाग्दा एक रुपैयाँ बजेट पनि खर्च गर्न नसकी फ्रिज हुने जोखिम बढेको छ।

चालू आर्थिक वर्ष ०८२/८३ सकिन एक महिना पाँच दिन बाँकी रहँदा मंगलबारसम्म डिभिजनले एक रुपैयाँसमेत खर्च गर्न नसकेको पाइएको हो। गत १० वैशाखमा डिभिजन प्रमुख हसमत अन्सारी मन्त्रालयमा सरुवा गरिएपछि आर्थिक कारोबार रोकिँदा विनियोजन गरिएको १० करोड रुपैयाँमध्ये मन्त्रालयले दुई करोड काटेर पठाएको आठ करोड बजेट खर्च शून्य भएको कर्मचारीहरू बताउँछन्।

डिभिजन प्रमुखको मन्त्रालय सरुवा भएपछि तत्काल आर्थिक अधिकारसहितको निमित्त प्रमुख तोकेर पठाइएको भए खर्च हुन सक्ने भए पनि प्रमुख नै नहुँदा विनियोजित

बाँकी पृष्ठ ४ ▶▶

## धनुषामा घरेलु मदिरासहितको सामान ............

नखुलेको मोटरसाइकलमा तीनवटा प्लास्टिकको पोका (बोरा) मा घरेलु मदिरा बोकी ल्याइँदै गरेको अवस्थामा प्रहरी चौकी लक्ष्मिनियाबाट खटिएको गस्ती टोलीले शंका गरी रोक्न खोजेको थियो।

प्रहरी टोलीलाई देख्नासाथ मोटरसाइकल चालकले मदिरा रहेको पोका सडकमा फालेर मोटरसाइकलसहित फरार भएको प्रहरीले जनाएको छ।

त्यसपछि प्रहरीले उक्त पोका खोली जाँच गर्दा करिब ५० लिटर घरेलु मदिरा फेला परेको र नियन्त्रणमा लिई प्रहरी चौकी लक्ष्मिनियामा राखिएको जनाएको छ।

घटना भएको स्थान प्रहरी चौकी लक्ष्मिनियाबाट करिब ४ किलोमिटर उत्तरतर्फ पर्ने क्षेत्र रहेको प्रहरीले जनाएको छ।

## रास्वपा अधिवेशनमा अनियमितताको आरोप ...............

गरिएको तथा किर्ते हस्ताक्षर प्रयोग भएको दाबी गरिएको छ। प्रतिनिधि छनोट र कार्यसमिति गठन प्रक्रियामा नेतृत्व तहबाट हस्तक्षेप भएको, बरियारपट्टी गाउँपालिकामा अपारदर्शी रूपमा समिति गठन गरिएको तथा नवराजपुर गाउँपालिकामा अधिवेशन प्रक्रिया अझै पूर्ण नभएको विज्ञप्तिमा उल्लेख छ।

असन्तुष्ट पक्षले गोलबजार नगरपालिकामा वैधानिक सदस्यहरूलाई बेवास्ता गर्दै पद वितरण तथा सदस्यता प्रदान गरिएको आरोपसमेत लगाएको छ। अधिवेशन प्रतिनिधि छनोटका क्रममा आर्थिक चलखेल भएको आशंकासमेत विज्ञप्तिमा व्यक्त गरिएको छ।

आरोप लगाउने पक्षले सम्पूर्ण घटनाको निष्पक्ष छानबिनका लागि केन्द्रीय तहबाट उच्चस्तरीय छानबिन समिति गठन गर्न, आरोपित पदाधिकारीहरूलाई छानबिन अवधिसम्म जिम्मेवारीबाट अलग राख्न तथा विवादित अधिवेशनहरू खारेज गरी पुनः विधानसम्मत, पारदर्शी र निष्पक्ष ढंगले सञ्चालन गर्न माग गरेको छ।

यद्यपि, विज्ञप्तिमा उल्लेख गरिएका आरोपहरूको स्वतन्त्र पुष्टि हुन सकेको छैन। यस विषयमा आरोपित प्रदेश तथा जिल्ला तहका नेताहरूको प्रतिक्रिया प्राप्त हुन सकेको छैन। उनीहरूको धारणा प्राप्त भएपछि समाचार अद्यावधिक गरिनेछ।

## न्यायिक समिति प्रभावकारी .............

जिम्मेवारी दिए पनि सोहीअनुसार दक्ष र पर्याप्त जनशक्ति तथा स्रोतसाधन उपलब्ध नगराइएको गुनासो गरेका छन्। 'स्थानीय तहलाई नागरिकको सबैभन्दा नजिकको सरकार भनिएको छ, तर जिम्मेवारीअनुसार जनशक्ति र स्रोतसाधन दिइएको छैन,' कर्जन्हा नगरपालिकाकी उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठ यादवले भनिन्, 'त्यसैले न्यायिक समितिसहित धेरै संरचनाले अपेक्षित नतिजा दिन सकेका छैनन्।'

कार्यक्रमका अधिकांश वक्ताले न्यायिक समितिप्रति नागरिकको विश्वास बढाउन निष्पक्ष, दक्ष जनशक्ति, कानुनी क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरण अपरिहार्य रहेको निष्कर्षसमेत सुनाएका थिए। जिल्लाका न्यायिक, प्रशासनिक तथा सुरक्षा निकायका प्रमुखसहित स्थानीय तहका उपप्रमुख, प्रशासकीय अधिकृतलगायत कार्यक्रममा सहभागी थिए।

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

**असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**

- सन्तुलित र स्वस्थ खाना खाऔं।
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं।
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं।
- प्रशस्त मात्रामा पानी पिउने गरौं।
- तनाव व्यवस्थापन गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

## सञ्जालका शूरवीर, संसद्का .............

वरिष्ठ विज्ञ तथा नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठका अनुसार, नेपालले इतिहासमा कहिल्यै पनि संगठित वा राज्यस्तरबाट भारतको भूभाग अतिक्रमण गरेको छैन। सीमा क्षेत्रको दसगजा (जहाँ दुवै देशले कुनै भौतिक संरचना बनाउन पाउँदैनन्) मा कतिपय ठाउँमा नदीको बहाव बदलिँदा दुवै तर्फका स्थानीय किसानहरूले खेतीपाती गर्ने व्यावहारिक समस्या (जसलाई प्राविधिक भाषामा क्रस-बोर्डर अकुपेसन भनिन्छ) अवश्य छ। यो दुवै देशका प्राविधिक टोलीले नापजाँच गरी सुल्झाउँदै आएको नियमित प्रक्रिया हो।

ऐतिहासिक तथ्य त यो हो कि लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता जस्ता क्षेत्रहरूमा नेपाल सधैँ ऐतिहासिक प्रमाण हुँदाहुँदै पनि सीमा मिचिएको 'पीडित' पक्ष हो। सन् १८१६ को सुगौली सन्धि र तत्कालीन समयका नक्साहरूले महाकाली नदी पूर्वको सम्पूर्ण भूभाग नेपालको भएको अकाट्य प्रमाण पेस गर्छन्। प्रधानमन्त्रीज्यूले स्थानीय तहको व्यावहारिक जमिन उपभोग र राष्ट्रिय सीमाको सार्वभौमिकताबिचको यो गम्भीर भिन्नतालाई ठम्याउन सक्नु भएन।

तर विडम्बना, प्रधानमन्त्रीका कतिपय समर्थकहरू यो गम्भीर कूटनीतिक त्रुटिलाई स्वीकार गर्नुको साटो सामाजिक सञ्जालमा यसलाई 'नयाँ राष्ट्रभक्ति' को संज्ञा दिँदै तथ्यहीन कुरालाई साँचो प्रमाणित गर्न उद्यत देखिएका छन्।

देशको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध जस्तो गम्भीर विषयमा सरकारको प्रमुख साझेदार दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कतिपय जिम्मेवार नेता र सांसदहरू समेत संसद्मा र सञ्चारमाध्यमहरूमा यस विषयलाई अमूर्त व्याख्या गर्दै भ्रम छर्न लागिपरेका छन्। उनीहरू भनिरहेका छन्, 'प्रधानमन्त्रीको आशय त्यो थिएन, उहाँले त सीमा व्यवस्थापनको पाटो मात्र कोट्याउनु भएको हो।' नेपालका वरिष्ठ परराष्ट्रविद्हरूले यस अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका छन्। उनीहरूको स्पष्ट धारणा छ कि देशको कार्यकारी प्रमुखले बोलेको प्रत्येक शब्द राज्यको आधिकारिक र कूटनीतिक दृष्टिकोण मानिन्छ, जसलाई भविष्यमा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रमाणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

यही कूटनीतिक जोखिमलाई मध्यनजर गर्दै, प्रधानमन्त्रीले सिर्जना गरेको यो गम्भीर विवादलाई मत्थर पार्न परराष्ट्र मन्त्रालयले हतार-हतार स्पष्टीकरणसहितको विज्ञप्ति जारी गर्नुपऱ्यो। परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत प्रस्ट पार्नुपऱ्यो कि प्रधानमन्त्रीको भनाइ नेपालको आधिकारिक सीमासम्बन्धी स्थापित दृष्टिकोणभन्दा फरक होइन र यसले दसगजाको व्यावहारिक अवस्थालाई मात्र संकेत गरेको हो। मुलुकको प्रधानमन्त्रीले अदूरदर्शी ढंगले बोल्ने अनि कूटनीतिज्ञहरूले अन्तर्राष्ट्रिय मञ्चमा त्यसको ढाकछोप गर्दै हिँड्नुपर्ने अवस्था निश्चय नै सुखद होइन।

**विधिको शासन र संस्थागत मर्यादा**

प्रधानमन्त्रीज्यू, लोकतान्त्रिक सञ्चालन र राज्यको नेतृत्व केवल सतही लोकप्रियता र सञ्जालका प्रतिक्रियाहरूको बलमा सम्भव हुँदैन। काठमाडौँको स्थानीय प्रशासन सम्हाल्नु र सिंहदरबारबाट सिंगो मुलुकको कूटनीतिक तथा आर्थिक डुंगा पार लगाउनु गुणात्मक रूपमा फरक विषय हुन्। राज्य सञ्चालनका लागि संसद्प्रतिको पूर्ण उत्तरदायित्व, कूटनीतिक परिपक्वता र संवैधानिक संस्थाहरूको मर्यादाको सम्मान अनिवार्य सर्त हुन्।

यदि तपाईं कार्यबोझले साँच्चै थिचिनु भएको हो भने, आफूसँग रहेका मन्त्रालयहरू तत्काल सम्बन्धित मन्त्रीहरूलाई कार्यविभाजन गरी अधिकारको विकेन्द्रीकरण गर्नुहोस्। सिंहदरबारको आफ्नो कार्यकक्षबाट बाहिर निस्कनुहोस्, पाँच मिनेटको यो भौतिक दुरी पार गरेर प्रतिनिधिसभाको रोस्टममा नियमित उपस्थित हुनुहोस्। सांसदहरूले उठाएका जनसरोकारका प्रश्नहरूको लोकतान्त्रिक सामना गर्नुहोस् र मुलुकको राष्ट्रिय हित एवं साखमा धक्का लाग्ने खालका अपरिपक्व अभिव्यक्ति दिन बन्द गर्नुहोस्।

नेपाली जनताले तपाईंलाई देशको एउटा जिम्मेवार र दूरदर्शी अभिभावकको रूपमा हेर्न चाहेका हुन्, संसद्लाई सधैँ अन्योलमा राख्ने सञ्जालका शूरवीर मात्र होइन। समयमै चेतना भया!

(कर्ण नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्य हुन्।)



'लू'
तातो हावाको लहर
बाट बालबालिकालाई जोगाऔं

**कसरी जोगाउने त ?**

- बच्चालाई चर्को घाम लागेको बेला बाहिर निस्कन नदिउँ। बिहान र बेलुकीको समयमा मात्रै घर बाहिर खेल्न दिउँ।
- घर बाहिर निस्कनु पर्दा टोपी वा पातलो कपडाले टाउको ढाक्न र छाता ओढ्न सिकाउँ।
- हल्का रङको पातलो र खुकुलो सुतीको कपडा लगाउन दिउँ।
- पानी साथमै बोक्न र तिर्खा नलागे पनि बेला बेला पानी खाइरहन सिकाउँ।
- पत्रु खाना (जङ्क फूड) खान नदिउँ। घरमै बनाएको खाना, फलफूल र सलाद खान दिउँ।
- सर्बत, कागती पानी, ताजा फलफूलको रस, जीवनजल (electrolyte) खान दिउँ। तर धेरै चिनी भएको झोल पदार्थ (कोल्ड ड्रिङ्क्स) खान नदिउँ।
- रोकीराखेको गाडीमा बच्चालाई एक्लै छोडेर नजाउँ। गाडी तातिएर र निसास्सिएर बच्चाको ज्यान पनि जान सक्छ।
- बच्चालाई रिङ्गटा लागेमा, वान्ता भएमा, छाती दुखेमा, लगातार टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्था लैजाउँ।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

२८ जेठ ०८३ बिहीबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper

# जिल्लाको राजनीतिक नेतृत्वप्रति युवाको प्रश्न: "सेवकलाई शासक बनाउने प्रवृत्तिले विकास अवरुद्ध"

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २७ गते**

जिल्लाको राजनीतिक नेतृत्व, सुशासन र युवा सहभागिताको विषयलाई लिएर समाजसेवी तथा युवा नेता अरविन्द यादवले वर्तमान राजनीतिक संस्कारमाथि गम्भीर प्रश्न उठाएका छन्।




यादवले जिल्लाका राजनीतिक दल र तिनका नेतृत्वकर्ताहरूले "यो जिल्ला हाम्रो हो" भन्ने जिम्मेवारीबोध, साहस र दूरदृष्टिको अभाव देखाएको आरोप लगाएका छन्। उनका अनुसार जनताको सेवकका रूपमा रहनुपर्ने व्यक्ति र संयन्त्रलाई शासकका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति जिल्लाको नेतृत्व तहबाटै मौलाएको छ, जसले जनतामाथि अपहेलना, दुर्व्यवहार, भ्रष्टाचार र घुसखोरीलाई बढावा दिएको छ।

"जबसम्म राजनीतिक दलहरूको नेतृत्वमा इमानदार, उत्तरदायी, दूरदर्शी र जनविश्वास जित्न सक्ने व्यक्तित्वहरू स्थापित हुँदैनन्, तबसम्म जिल्लाको समग्र विकास सम्भव छैन," यादवले बताएका छन्।

उनले जिल्लाको अविकासको एउटा प्रमुख कारण पुरानो पुस्ताको राजनीतिक वर्चस्व रहेको उल्लेख गर्दै नयाँ पुस्ताका शिक्षित र सक्षम युवाहरूलाई राजनीतिमा सक्रिय सहभागिताका लागि आह्वान गरेका छन्। यादवका अनुसार पुस्तौंदेखि राजनीतिक लाभ लिइरहेका केही पात्रहरूले नयाँ नेतृत्वको उदयलाई रोक्ने प्रयास गरिरहेका छन्, जसले लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाइरहेको छ।

वृद्ध पुस्ताको अनुभवलाई सम्मान गर्दै नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले समाज रूपान्तरण, सुशासन र उत्तरदायी शासन व्यवस्थाका लागि युवाको सक्रिय भूमिका अपरिहार्य रहेको बताए।

यादवले राजनीतिप्रति नकारात्मक दृष्टिकोण राख्ने युवाहरूलाई पनि आफ्नो सोच परिवर्तन गरी परिवर्तनको माध्यमका रूपमा राजनीतिलाई अपनाउन आग्रह गरेका छन्। उनका अनुसार भ्रष्ट नोकरशाही र अनुत्तरदायी राजनीतिक संस्कृतिको अन्त्य गर्न युवाशक्तिको हस्तक्षेप आवश्यक छ।

"राजनीति सबै नीतिको मूल नीति हो। त्यसैले राजनीतिक प्रणालीको शुद्धीकरण र सुधारको अभियानमा युवाहरू अग्रसर हुनुपर्छ," यादवले भने।

उनले वर्तमान अवस्थामा अधिकांश राजनीतिक दलहरूको नेतृत्वमा नैतिकताको संकट देखिएको उल्लेख गर्दै सभ्य समाज निर्माण, सुशासनको स्थापना र विकासको नयाँ आधार तयार गर्न युवापुस्ताको नेतृत्व आवश्यक रहेको धारणा व्यक्त गरेका छन्।

## आर्थिक वर्ष सकिन एक महिना बाँकी ............

बजेट फ्रिज हुन सक्ने जोखिम बढेको कर्मचारीहरू बताउँछन्।

विनियोजित बजेटअन्तर्गत आर्थिक वर्ष सकिन लाग्दासम्म एक रुपैयाँ पनि बजेट खर्च नभएकाले कार्य सम्पादन मूल्यांकन फारम भर्ने वेलामा पनि समस्या हुने उनीहरूको गुनासो छ। 'कार्यसम्पादन त काम गरेपछि मात्र देखिने हो,' उनीहरूको गुनासो छ, 'विनियोजन गरिएको बजेटको एक रुपैयाँ पनि खर्च नहुँदा फारम पनि कसरी भर्ने ?'

'जेठको अन्तिम साता बित्दै गर्दा आर्थिक अधिकारसहित कार्यालय प्रमुख पठाइए पनि उपभोक्ता समिति, कोटेसन र टेन्डरमार्फत गरिनुपर्ने योजना कार्यान्वयन गर्न गाह्रो छ,' उनीहरूले भने। योजना कार्यान्वयनका लागि १५ जेठपछि उपभोक्ता समिति नै गठन गर्न नमिल्ने, टेन्डर वा कोटेसन गर्दा पनि सात दिन र १५ दिनको म्याद दिइनुपर्ने हुँदा त्यतिन्जेलसम्म मध्यबर्खाको असार हुने भएकाले काम गर्न प्राविधिक रूपले पनि कठिनाइ रहेको बताइएको छ।

आ.व. ०८२/८३ का लागि डिभिजनअन्तर्गत जिल्लाका विभिन्न ठाउँका लागि आठदेखि १६ लाख रुपैयाँसम्मका सतह सिँचाइसम्बन्धी योजनाहरू परेको कार्यालयले जनाएको छ। छुट्याइएको बजेटअनुसार योजना कार्यान्वयनका लागि समयमै डिभिजन प्रमुख नपठाउँदा बजेट नै फ्रिज हुने जोखिम बढेकाले त्यसको मार किसानले खेप्नु पर्ने सिराहा- २० का किसान रामउदगार यादवले गुनासो गरे।

**मन्त्रालयकै खर्च प्रगति न्यून**

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेलले मंगलबार मात्र आर्थिक अधिकारसहितको प्रमुख तोकेर पठाइएको दाबी गरे। आर्थिक वर्ष सकिनै लाग्दा पठाइएका प्रमुखले बर्खाको समयमा कसरी काम गर्छन् भन्ने प्रश्नमा उनले उपलब्ध जनशक्ति परिचालन गरी काम गरिने उल्लेख गरे।

प्रदेश सचिव पौडेलले आर्थिक अधिकारसहितको प्रमुख तोकेर पठाइसकेको दाबी गरिरहँदा तत्कालीन प्रमुख अन्सारीको सरुवापछि वरिष्ठताको आधारमा निमित्तको रूपमा दैनिक कामकाज हेरिरहेका आठौं तहका इन्जिनियर मो. इनुस राइनले भने त्यसबारे लिखित जानकारी नआएको बताए।

आर्थिक वर्ष ०८२/८३ का लागि मन्त्रालयका लागि चालूतर्फ विनियोजित ५६ करोड ५५ लाख दुई हजार ९७० रुपैयाँ र पुँजीगततर्फ तीन अर्ब ८७ करोड ६६ लाख ८८ हजार रुपैयाँमध्ये खर्च प्रगति समग्रमा १२.५६ प्रतिशत मात्र रहेको छ।

प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २५ जेठसम्मको खर्च प्रगति विवरणबमोजिम निकासा खर्च चालूतर्फ २३ करोड २२ लाख ८५ हजार ४३१ रुपैयाँ (४१.०८ प्रतिशत) र पुँजीगततर्फ ३२ करोड ५८ लाख २४ हजार २०६ (८.४० प्रतिशत) रुपैयाँ गरी कुल ५५ करोड ८१ लाख नौ हजार ६३८ रुपैयाँ (१२.५६ प्रतिशत) खर्च भएको छ।

## स्थानीय तहको बजेट निर्माणमा ............

मन्त्रालयका अनुसार स्थानीय तहका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतबाट समयमै बजेट पारित गर्ने र खुद्रे योजना समावेश नगर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने व्यवस्था समेत गरिएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले जनप्रतिनिधि र कर्मचारीबिचको सहकार्य, समन्वय र जिम्मेवारीलाई थप मजबुत बनाउन मन्त्रालयले सहजीकरण अभियान अघि बढाएको बताइन्। मन्त्री रावलले स्थानीय तहमा देखिएका समस्या समाधानका लागि मन्त्रालय आवश्यक सहयोग र समन्वय गर्न प्रतिबद्ध रहेको समेत स्पष्ट पारिन्।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, औरही
मधेश प्रदेश, सिरहा (नेपाल)

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

## अब सबै सरकारी वेबसाइटमा 'एक्सेसिबिलिटी टुल'




**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ २७ गते**

सरकारी निकायका वेबसाइटलाई सबै नागरिकका लागि सहज र समावेशी बनाउन पहुँचमैत्री उपकरणहरू समावेश गरिएका छन्।

दृष्टिविहीन, न्यून दृष्टि भएका, रङ्ग पहिचानमा समस्या भएका, पढाइसम्बन्धी कठिनाइ भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका प्रयोगकर्ताले सरकारी वेबसाइटको सामग्री अझ सहज रूपमा प्रयोग गर्न सक्ने गरी सबै सरकारी वेबसाइटमा पहुँचमैत्री उपकरण (एक्सेसिबिलिटी टुल) राखिएको सूचना प्रविधि विभागका सूचना अधिकारी प्रकाश दवाडीले जानकारी दिए।

सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ३० मा सरकारी एप तथा पोर्टलहरुलाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउन सक्ने गरी सरल बनाउने उल्लेख गरिएको थियो।

डिजिटल सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्न तथा अपाङ्गता भएका व्यक्तिको सूचना प्राप्त गर्ने अधिकारलाई प्रभावकारी बनाउन सरकारले यो सुविधा कार्यान्वयनमा ल्याएको हो।

अहिले सरकारी वेबसाईट खोलिसकेपछि तलपट्टी मध्यभागमा 'एक्सेसिबिलिटी टुल आइकन' भेटिन्छ।

यो सुविधाबाट प्रयोगकर्ताले आफ्नो आवश्यकता अनुसार वेबसाइटको स्वरूप तथा सामग्री समायोजन गर्न पाउँछन्।

जस्तै, सजिलैसँग अक्षरको आकार सानो वा ठूलो बनाउने, वेबसाइटमा रहेका अक्षर तथा शब्द र पृष्ठभूमिबीचको भिन्नता बढाएर सामग्री स्पष्ट रूपमा देख्न सहयोग गर्ने जस्ता 'टुल'हरु त्यहाँ राखिएका छन्।

त्यसैगरी, विभिन्न प्रकारका रङ्ग फिल्टर प्रयोग गर्न सकिने, अक्षर तथा हरफबीचको दूरी समायोजन गर्न सकिने, फन्ट छान्न सक्नेलगायतका व्यवस्था गरिएको छ।

वेबसाईट चलाउँदा प्रयोगकर्तालाई थप सहज बनाउन 'माउस कर्सर'लाई सानो वा ठूलो बनाउन सक्ने, वेबसाईटका सबै तस्विर लुकाएर अक्षरहरु मात्र पढ्न मिल्ने बनाउने, चलायमान दृश्य तथा एनिमेसन रोक्न सकिनेलगायतका सुविधा राखिएका छन्।

विभागका अनुसार अन्तर्राष्ट्रिय मापदण्डका रुपमा रहेको 'वेब कन्टेन्ट एक्सेसिबिलिटी गाइडलाईन' (डब्ल्युसीएजी) अनुरुप विकास गरिएका यी वेबसाइटहरू किबोर्डको प्रयोगबाट मात्र पनि सहज रुपमा सञ्चालन गर्न सकिने छ।

सरकारी वेबसाइटहरुमा राखिएको 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्थाले किबोर्ड तथा स्क्रिन रिडर प्रयोगकर्तालाई सिधै मुख्य विषयवस्तुमा पुग्न सहयोग पुर्याउँछ भने महत्वपूर्ण तस्विर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा रहेको 'अल्ट टेक्स्ट'ले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न अत्यन्त सहज बनाएको छ।

यसैगरी, फाराम भर्ने क्रममा देखिने त्रुटि सन्देश (इरर म्यासेज) र सुझावहरू सजिलै सुन्न र बुझ्न मिल्ने गरी वेबसाइटहरु तयार पारिएको विभागले जनाएको छ।

सर्च तथा सम्पर्क फारामजस्ता 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र संकेतहरू राखिएकाले 'स्क्रिन रिडर' प्रयोगकर्तालाई थप सहज हुनेछ। किबोर्ड प्रयोगकर्ताले आफू वेबसाइटको कुन स्थानमा छु भन्ने स्पष्ट रूपमा थाहा पाउन सक्ने छन्।

## टिकटक स्टार बनाइदिने भन्दै भारतीय .........

नगरपालिका-३ का एक जना रहेका छ न्। तीमध्ये पाँच जनालाई परिवारको जिम्मा लगाइएको छ भने एक जनालाई मनोसामाजिक परामर्श, संरक्षण तथा पुनःस्थापनाका लागि आफन्त नेपालको सुरक्षित आवासमा राखिएको रानाले जानकारी दिइन्।

ती ५ मध्ये एक जनालाई हरियाणाको गुरुग्रामबाट तथा अन्य पाँच जनालाई बिहारको सिवानस्थित महिला गृहबाट उद्धार गरिएको थियो। उनीहरूलाई जबर्जस्ती देह व्यापार, अर्केस्ट्रामा अश्लील नृत्य गराउनेलगायतका कार्यमा लगाई शारीरिक तथा मानसिक शोषण गर्दै बन्धक बनाइएको अवस्थामा भारतीय प्रहरीले उद्धार गरेको जनाएको छ।

पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत चिनजान गरी वैदेशिक रोजगारी, मनोरञ्जन क्षेत्र वा राम्रो आम्दानीको प्रलोभन देखाएर किशोरी तथा महिलालाई भारत पुर्याउने र विभिन्न प्रकारका शोषणमा पार्ने घटना बढ्दो क्रममा रहेको रानाले बताइन्।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

अर्नमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्नमा
मधेश प्रदेश, सिरहा (नेपाल)